# फाकफोकथुम राजपत्र

## फाकफोकथुम गाउँपालिकाद्वारा प्रकाशित

*खण्डः ८* *संख्याः १* *मितिः २०८१/११/२५*

### भाग-१

### फाकफोकथुम गाउँपालिका, आमचोक, इलाम

*गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

### आर्थिक (पहिलो संशोधन) ऐन, २०८१

**प्रमाणिकरण मितिः २०८१/११/२२**

संवत् २०८१ सालको ऐन नं. १

**फाकफोकथुम गाउँपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** फाकफोकथुम गाउँपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

फाकफोकथुम गाउँपालिको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम आर्थिक (पहिलो संशोधन) ऐन, २०८१ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक ऐन, २०८१ को अनुसूची ७ को खण्ड ६ को अन्य उपदफामा संशोधनः** फाकफोकथुम गाउँपालिकाको आर्थिक ऐन २०८१ को अनुसूची ७ को खण्ड ६-अन्य मा देहाय बमोजिम फिल्ड रेखाङ्कन सेवा शूल्क ५ नं. पछि ६ नं. मा थप गरिएको:

६. **फिल्ड रेखाङ्कन सेवा शूल्कः**

क. साधारण घरजग्गा नापजाँच/फिल्ड रेखाङ्कन सेवा शूल्कः

- ५ रोपनी सम्म एउटै कित्ता भए – रु. १०००
- ५ रोपनी भन्दा बढीको हकमा – रु. १५०० र कित्ता थप भएमा प्रति कित्ता रु. २०० थप

ख. कुकाठ निकासी/गोलीया निकासीको लागि जग्गा नापजाँच/फिल्ड रेखाङ्कन सेवा शूल्कः

- १५ रोपनी सम्म रु. २००० र थप कित्ता भए प्रति कित्ता रु. १००० थप
- १५ रोपनी भन्दा बढीको हकमा रु. ३००० र थप कित्तामा प्रति कित्ता रु. १००० थप

३। **<u>आर्थिक ऐन, २०८१ को अनुसूची ८ को प्राकृतिक स्रोत सङ्कलन तथा विक्रि शूल्कमा संशोधनः</u>** फाकफोकथुम गाउँपालिकाको आर्थिक ऐन २०८१ को अनुसूची ८ को प्राकृतिक स्रोत सङ्कलन तथा विक्रि शूल्कमा मिति २०८१/०८/२३ गतेको कार्यपालिकाको निर्णय बमोजिम देहाय अनुसार व्यवस्था थप गरिएकोः

चालु आ.व. २०८१/८२ मा संघ, प्रदेश वा स्थानीय तहबाट सञ्चालन भइरहेको वा सञ्चालन हुने सबै आयोजनाहरुले गाउँपालिका भित्रको ढुङ्गा, वालुवा, ग्राभेल, रोडा, माटो इत्यादी प्रयोग गरेको अवस्थामा आयोजनाहरुले प्रयोग गरेको परिणामको आधारमा कोशी प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ७ मा व्यवस्था भए अनुसार प्राकृतिक स्रोत सङकलन तथा विक्रि शुल्कको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्ने गरी ऐ. ऐनको अनुसूची-६ बमोजिमको शुल्क उठाउने वा तत् तत् आयोजनाहरुलाई भुक्तानी गर्दा रोयल्टी वापतको कर कट्टि गरेर मात्र भुक्तानी गर्ने।

४. **<u>सिफारिस दस्तुरमा संशोधनः</u>**

सिफारिस दस्तुरका सम्बन्धमा सरकारी विद्यालय वा क्याम्पसमा गरिव तथा जेहेन्दार विद्यार्थीहरुले छात्रवृत्तिको लागि सिफारिस गर्दा सिफारिस दस्तुर रु. २०० मात्र कायम गर्ने र अन्यको हकमा साविक कै कायम गर्ने ।

**आज्ञाले**

**निर्मल तुम्रोक**

**(प्रमुख प्रशासकीय अधिकृत)**